May 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

No. 2, Vol. 11

www.eurasiareiyukai.com

माफी माग्ने कार्यलाई
जारी राख्ने ।
पैसा पनि नपर्ने,
घरमा शान्ति पनि हुने ।

श्री युसुन मासुनागा
संस्थापक अध्यक्ष, यूराशिया रेयूकाई

## सरसफाई अभियान



झंसिखेल, ललितपुर



पट्टीपा, ललितपुर



कलंकी, काठमाण्डौ



कलंकी, काठमाण्डौ




घोविधारा, काठमाण्डौ

## यूराशिया रेयूकाई १७ औं शाखा मिहाता जिम्मेवार शिबुचो श्री डोलराज अर्यालज्यूको अपील





यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको दया, माया र कृपालाई ग्रहण गर्ने मौका पाई सन् २००१ जनवरी २० तारिखमा यूराशिया रेयूकाई १७औं शाखाको मिहाता ग्रहण गर्ने महान् मौका पाई भगवान् शाक्यमुनी बुद्ध जन्मिनु भएको पवित्र स्थान लुम्बिनीको समीप सिद्धार्थनगरमा मुख्यहल भई मिहाताको छहारीमा बसी नेपाल, भारत, म्यान्मारमा रहनु भएका यूराशिया रेयूकाई १७औं शाखासंग कर्मको सम्बन्ध भएका २ लाख भन्दा बढी सदस्य संगसंगै एकताबद्ध भै दत्तचित भै महान् रेयूकाई शिक्षाको अभ्यास गर्ने मौका पाईरहेका छौं । सदस्यहरुबाट महान् रेयूकाई शिक्षाको अभ्यास गर्ने मौका पाउँदा आफ्नो जीवनमा कल्पना नै गर्न नसक्ने खुशी र पुण्यफललाई ग्रहण गर्न सकिदो रहेछ भन्ने अनुभव सुन्ने मौका पाउदा आफूले उत्साह र खुशी प्राप्त गर्ने महान् मौका पाइरहेकोछु ।

यूराशिया रेयूकाई १७ औं शाखाले दया, मैत्रीभाव, उत्साह र एकतालाई हाम्रो छवि बनाएर सधैंसधैं सिक्ने भावना, कृतज्ञताको भावना, माफीको भावना आफुले लिएर अरुलाई पनि त्यो भावना लिन लगाई, रेयूकाईको ३ वटा खम्बा पुर्खास्मरण, कर्मको शुद्धिकरण र प्रायश्चित अभ्यासलाई कार्यान्वयन गर्ने मौका पाई रहेकाछौं । सद्धर्मपुण्डरीक सुत्रको १७औं अध्यायको जिम्मेवारी र कर्तव्य पूरा गर्न यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पतिज्यूको मार्गनिर्देशन अनुसार महान् रेयूकाई शिक्षालाई आफु स्वयंबाट कार्यान्वयन गरी अरुलाई पनि कार्यान्वयन गराउने मौका पाइरहेकाछौं ।

पुर्खाहरुप्रति, देशप्रति, अभिभावकप्रति र गुरुप्रति सधै कृतज्ञ भै गुण फर्काउन सक्ने किसिमको कार्य गरी समाजमा योगदान दिन सक्ने व्यक्तिहरु उत्पादन गर्ने अभियानमा सदस्यहरु सँगसंगै अभ्यास गर्ने मौका पाईरहेका छौं । संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन "आजको आफु अहिलेको आफू बनौ ।" यूराशिया महाद्विपमा बुद्धको शिक्षाको फूल फुलाउन, समाज विकासमा योगदान दिन सक्ने एक जना भएपनि बढी ब्यक्तिलाई मिचिबिकि गरी साथी बनाई महान् रेयूकाई शिक्षाको अभ्यास गर्ने मौका पाई ३ बर्ष १००० दिनको अभ्यासलाई कार्यान्वयन गर्ने मौका पाई परिणामको प्रतिफल देखा पार्ने प्रतिज्ञा गर्दछु ।

रेयूकाईमा प्रवेश भएका सदस्यहरुको घरमा (रत्नस्तुप) सोकाईम्यो बिराजमान गराई सुत्रपाठ चढाउँन सिकाई त्यो घर परिवारलाई खुशी र कृतज्ञताले भरीएको घर-परिवार बनाऔं । आउनुहोस् सम्पुर्ण यूराशिया रेयूकाईका सदस्यहरु मिलि घर-परिवार, समाज  र देशको लागी काम लाग्ने ब्यक्ति एक जना भएपनि धेरै निर्माण गर्दे जाऔं । अहिले यूराशिया रेयूकाईका हामी सदस्यहरु नागरीक सरसफाई अभियानमा जुटिरहेकाछौं समाजका हरेक नागरीकसंग हातेमालो गरी गाऊँ नगरलाई सफा बनाउँने अभियानमा लागी परौं । सफा सुन्दर गाऊँ र शहर बनाऔं ।



## यूराशिया रेयूकाई नागरीक सरसफाई अभियान

"वातावरणीय संवेदनशिल कुरालाई महशुस गरी सचेत भएर सबैले कार्यान्वयन नगर्ने हो भने विश्वमा विनाशको भयानक अबस्था हामी बांच कै बेला नआउला भन्न सकिंदैन । हाम्रो पृथ्वीलाई हामी आफैले नबचाईकन हंदैन ।" भन्ने यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनबाट विउँझीएर जलवायु परिवर्तनबाट आएका विभिन्न असरहरुलाई न्यूनीकरण गर्न यूराशिया रेयूकाईले नागरीक समाज, बिभिन्न स्थानिय संघसंस्थाहरु र युवा तथा महिला समूहहरु एवं सरकारी निकायसंग मिलेर "यूराशिया रेयूकाई सरसफाई नागरिक अभियान" कार्यक्रमलाई संचालन गर्दै आईरहेको छ । यूराशिया रेयूकाईले बिभिन्न क्षेत्रहरुमा सरसफाई अभियान सञ्चालन गरेको कार्यक्रममा उल्लेखनिय जनसहभागीता रहेको छ । यूराशिया रेयूकाईले विभिन्न स्थानमा पाँच प्रकारका डस्टवीनहरु प्रयोगमा ल्याई जनचेतना एवं फोहोर व्यबस्थापन सम्बन्धि  अपील गर्दै घर दैलो अभियान सञ्चालन गरीरहेको छ । फोहोरलाई व्यवस्थापन गर्नभन्दा फोहोरको स्रोत नै नबनाउने । जथाभावी नथुकौं, सभ्य नागरिकको परिचय दिऔं । आफू बसेको घर, समाजमा भएको फोहोरमैला लाई ब्यबस्थापन गरी सभ्य नागरीक बनी आफू बसेको राष्ट्रलाई नै सफा बनाऔं । बोट विरुवा रोपी अक्सिजनको श्रोत हरियाली बढाऔं भन्ने अभियानका साथ कार्यान्वयन गर्ने मौका पाउदैं आई रहेको छ ।



# खुशीको अनुभव



नाम: श्रीमती अनिता पुन
उपाधि: होजाशु
उमेर: २५ वर्ष
पेशा: गृहिणी
क्षेत्र: जितपुर, नेपाल
ओया एव शिबुचो: श्री ओम प्रकाश गुरुङ्ग
मिहाता शाखा: यूराशिया रेयूकाई १७औं शाखा
सामाज विकास केन्द्र, बुटवल

सबैलाई नमस्कार,

यस संस्थामा प्रवेश गर्नु अघि म सिलाई कटाई तालिम दिने प्रशिक्षक थिएँ प्रशिक्षण दिने क्रममा रेयूकाई संस्थाबाट आयोजना गरेको सिलाई कटाई तालिममा प्रशिक्षक बन्ने मौका पाएँ र यस संस्थामा प्रवेश गर्ने मौका पाएँ । रेयूकाईको विभिन्न कार्यक्रमहरुमा निरन्तर रुपमा सहभागी हुँदै जाँदा रेयूकाई शिक्षाको ज्ञान, अनुशासन, पुर्खास्मरण, कृतज्ञताको भावना बारे धेरै नजिकबाट जान्ने, बुझ्ने मौका पाएँ । १५ मे २०१२ का दिन मेरो ओया शिबुचो र मिहाता जिम्मेवार शिबुचोज्यूबाट मेरो घरमा पुर्खा प्रतिक (सोकाईम्यो) स्थापना गरीदिनुभई वहाँहरु संगसंगै सूत्रपाठ चढाउँने मौका पाएँ । आज म महिला भएर पनि आफनो श्रीमान्को घर तिरको पुर्खा र मेरो माईततिरका पुर्खालाई दैनिक रुपमा स्मरण गरी सूत्रपाठ चढाँउने मौका पाईरहेकी छु । यस्तो महान् मौका पाएकोमा आफुलाई एकदमै भाग्यमानी ठानेकी छु ।

यसैगरी मेरो कर्मको सम्बन्धले गर्दा होला म ४ पटक सम्म स्थिरमती पहाडमा अभ्यास गर्न जाने मौका पाई ओदाईमोकुको प्रार्थना गर्ने अभ्यास गर्ने मौका पाएँ । यसरी म एउटा गृहिणी र श्रमिक महिला भएको कारण म संगै काममा आउने थुप्रै दिदी बहिनीहरुको भेला गरी रेयूकाई सदस्य बनाई आफू संगसंगै हुर्काउने मौका पाईरहेकी छु । यस संस्थामा प्रवेश गरे पश्चात ममा अनुशासन, सिक्ने भावना, कृतज्ञताको भावना र माफीको भावनाको बोध भएको महशुस गरेकी छु ।

मैले मेरा सदस्यहरुको घरमा पनि सोकाईम्यो स्थापना गरी ५० जना भन्दा बढी मिचिविकीको पुण्यफल संचित गर्ने मौका पाई १३ अक्टुबर २०१२ मा गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी हुने मौका पाँए । गोहोम्यो लेख्दा पहिला त एकदमै गाह्रो भयो तर पछि कामना गरी लेख्ने मौका पाउँदै जाँदा, आज भन्दा भोली, भोली भन्दा पर्सी झन् झन् राम्रो लेख्दै गई १०० दिनको अभ्यास १०० दिन मै पूरा गर्ने मौका प्राप्त गरी सोकाईम्यो लेख्ने मान्यता पाई आफनै हातबाट कर्मको सम्बन्ध भएका सदस्यहरुको घरमा सोकाईम्यो लेखी विराजमान् गराउने मौका पाईरहेकी छु । यस्तो महान खुशीलाई ग्रहण गर्ने मौका प्रति एकदमै कृतज्ञ भएकी छु । हिंड मिलियन अभियानलाई सदस्यहरु सँग-सँगै कार्यान्वयन गर्ने मौका पाई आफू अर्न्तगत २ जना सदस्यहलाई गोहोम्यो आत्मग्रहण समारोहमा सहभागी गराई १०० दिनको अभ्यास पूरा गर्न लगाई होजाशुको रुपमा अभ्यास गराउने मौका पाईरहेकी छु ।

यस महान् शिक्षासंग भेट हुने मौका पाएकोमा आफूलाई निकै भाग्यमानी ठानेकी छु । यस्तो महान रेयूकाई शिक्षालाई अभ्यास गर्ने मौका पाउँदा आफूमा उत्साह आएको छ । कृतज्ञ भएर अभ्यास गर्ने मौका पाई सधै सिक्ने भावना, कृतज्ञताको भावना र माफीको भावना लिई यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले प्रदान गर्नुभएको मार्गनिर्देशनलाई कार्यान्वयन गरी कार्यान्वयन गराई जुनशिबुचोको लक्ष्य लिई आजको आफू बनी अभ्यास गरी परिणामलाई देखा पार्ने प्रतिज्ञा गर्दछु । धन्यवाद, नमस्कार ।

## यूराशिया रेयूकाई ११औं शाखाको भव्य भेला सम्पन्न

यूराशिया रेयूकाई ११औं शाखाको भव्यभेला सन् २०१४ मार्च २९ तारिखका दिन मुख्यहल धोबिधारा काठमाण्डौंमा ११औं शाखाको मिहातालाई विराजमान गर्ने मौका पाई १,०६५ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भयो । उक्त समारोहमा ११औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री रोशनकृष्ण न्याछैयौंज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।



## यूराशिया रेयूकाई १८औं शाखाको भव्य भेला सम्पन्न

यूराशिया रेयूकाई १८औं शाखाको भव्यभेला सन् २०१४ मार्च २३ तारिखका दिन भारत देशको दार्जिलिङ्ग जिल्लाको मङ्गपु क्षेत्रको रबिन्द्र सदनको हलमा १८औं शाखाको मिहातालाई विराजमान गर्ने मौका पाई १,०१०जना सदस्यहरुको सहभागीतामा सम्पन्न भयो । उक्त समारोहमा यूराशिया रेयूकाई शिक्षा सिक्कोबु जिम्मेवारकर्ता श्री भीम बहादुर गुरुङज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।



## यूराशिया रेयूकाई २५औं शाखाको भव्य भेला सम्पन्न

यूराशिया रेयूकाई २५औं शाखाको भव्यभेला सन् २०१४ अप्रिल ५ तारिखका दिन मुख्यहल धोबिधारा काठमाण्डौंमा २५औं शाखाको मिहातालाई विराजमान गर्ने मौका पाई १,१६६ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भयो । उक्त समारोहमा २५औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री चुडामणी तण्डुकार ज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।



## आगलागी (Fire)

प्रत्येक बर्ष बिनासकारी बिपद् आगलागी ठुलो समस्याको रुपमा रहेको छ । प्रत्येक बर्ष साना ठुला आगलागीका घटना हुने गरेका छन् । गर्मियाममा आगलागीका घटनाहरु धेरै हुने गर्छन् । पहाडका घरहरु प्राय जसो काठबाट बनेको हुने भएकाले तुरुन्तै आगो लाग्न सक्छ । शहरी ईलाकामा करेन्टको कारण, ग्यास चुहावट आदीबाट आगलागीका घट्नाहरु बढी घट्ने गरीरहेका छन् । आगो मानब जीवनयापनका लागी आवश्यकता हो । आगो नभै नहुने तत्व हो यसको सदुपयोग गरेको खण्डमा मानब जीवनमा खुशी र सुख ल्याउनमा सहयोग पुग्न सक्छ तर सानो लापरबाही गरेको खण्डमा वा दुरुपयोग गरेको खण्डमा यसले ठुलो बिपत ल्याउन सक्छ । त्यसको लागी आफू सचेत भई छिमेकी तथा अन्य व्यक्तिहरुलाई पनि सचेत बनाउने कार्यमा लागी परौं ।

### आगलागीका कारणहरु

१.स्टोभ वा ग्यास सिलिन्डर पड्कनु ।
२.बिजुलीको भोल्टेज अचानक बढ्नु वा करेन्ट लाग्नु ।
३.मैनबति,टुकी वा दियो बालेर कोठा बन्द गरेर जानु ।
४.मट्टीतेल,पेट्रोलको अगाडी जथाभावी आगो बाल्नु ।
५.बिजुली चम्कनु, चटयाङ्ग पर्नु र हुरी बतास चल्नु ।

### आगलागी भएको समयमा के गर्ने

१.आगलागी भएको थाहा पाउना साथ तुरुन्तै बाहिर निस्कने ।
२.दमकल तथा प्रहरीलाई तुरुन्त खबर गर्ने ।
३.स्वास्थ्यकर्मी तथा छर छिमेकीलाई खबर गर्ने ।
४.ग्यास सिलिण्डरमा लागो लागे तुरुन्त कम्बललाई पानीमा भिजाई छोपीदिने ।
५. सकेसम्म बहुमुल्य सामानहरु लिएर बाहिर निस्कने ।
६.बनमा डढेलो लागेको खण्डमा सबै जना मिलेर निभाउने कोशिस गर्ने ।

### आगलागीबाट बच्न के गर्नुपर्छ ।

१.जथाभावी आगो नबाल्ने ।
२.आगो र आगो सम्बन्धिका बस्तुहरु प्रयोग गरीसकेपछि राम्ररी निभाउने ।
३.मैनबति, टुकी वा दियो बाल्दा एकदमै सचेत हुने ।
४.ग्यास,हिटर स्टोभ बाल्दा प्रयोग गर्ने विधिलाई राम्ररी अपनाई प्रयोग गर्ने ।
५.बिजुलीको वाईरिङ्ग सुरक्षित र ब्यवस्थित गर्ने ।
६.ज्वलनशिल बस्तु केटाकेटीको पहूचबाट टाढा राख्ने ।
७.घर परिवार, छर छिमेक र समुदायमा आगलागीको रोगथाम बारे छलफलहरु गर्ने ।
८.बन जंगलको छेऊमा आगो नबाल्ने बाल्नु नै परेमा सचेत भएर बाल्ने ।